# भाग २

नेपाल सरकार

## कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति डा. रामवरण यादवबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६९ सालको अध्यादेश नं. ११

## नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अध्यादेश

नेपाल सरकारको आर्थिक वर्ष २०६९/०७० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजश्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छूट दिने तथा राजश्व प्रशासन सम्बन्धी कानून संशोधन गर्ने सम्बन्धमा तत्काल कानूनी व्यवस्था गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "आर्थिक अध्यादेश, २०६९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६९/०७० को राजश्व सङ्कलन तथा अन्य व्यवस्था : आर्थिक वर्ष २०६९/०७० को निमित्त राजश्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छूट दिने, राजश्व प्रशासन सम्बन्धी कानूनको संशोधन तथा अन्य व्यवस्था आर्थिक ऐन, २०६८ बमोजिम हुनेछ ।

आज्ञाले,
**भेषराज शर्मा**
नेपाल सरकारको सचिव

प्रमाणीकरण मिति :- २०६९।१२।२७।३



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।